# धार्चे गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः ८

मितिः २०८१।०६।१६

## भाग-२

## धार्चे गाउँपालिका

# स्थानिय तहको पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

कार्यपालिका बाट स्वीकृत मिति २०८१।०६।१६गते

धार्चे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

माछीखोला,गोरखा

गण्डकी प्रदेश ।

## स्थानिय तहको पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

**प्रस्तावना**:- धार्चे गाउँपालिका भित्र पशुपन्क्षि र मत्स्यपालन गरि रहेका कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्दि गरि कृषि तथा पशुपन्छि र माछापालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकिकरणका लागि प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत पशु विकास क्षेत्रको बार्षिक कार्यक्रम व्यवस्थित सरलिकरण र पद्दतिमुलक रुपले सञ्चालन गर्न वाञ्छनिय भएकोले धार्चे गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

### परच्छेद — १
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम : **"स्थानिय तहको पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१"** रहनेछ ।

ख) यस कार्यविधि धार्चे गाउँपालिका कार्यालयको क्षेत्रअधिकार भित्रमा मात्र लागु हुनेछ ।

**२) परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" " भन्नाले गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

ङ) "गाउँपालिका " भन्नाले धार्चे गाउँपालिका माछिखोला, गोरखालाई सम्झनु पर्दछ ।

च) "निवेदन " भन्नाले धार्चे गाउँपालिका पशुसेवा शाखामा कार्यक्रम सञ्चालनको लागि निकालेको आवेदन सूचना उपर पर्न आएका निवेदनलाई बुझनु पर्दछ ।

छ) "विषयगत शाखा" भन्नाले यस धार्चे गाउँपालिका अन्तरगतको विषयगत शाखा,
उपशाखा, कार्यलय वा इकाईलाई सम्झनु पर्दछ ।

ज) "संयोजक" भन्नाले पशु सेवा शाखा समितिको संयोजकलाई सम्झनु पर्दछ जसमा धार्चे गाउँपालिका आर्थिक विकास शाखाको संयोजक अर्थात आर्थिक विकास शाखाको संयोजक उपस्थित नभएको खण्डमा गाउँपालिकाको अध्यय लाई संयोजक बनाई कार्यक्रम छनौट गर्नु पर्नेछ । जसमा निम्न बमोजिमका सदस्य रहनेछन् र सदस्य सचिव पशु सेवा शाखाको प्रमुख रहनेछ ।

अ) आर्थिक विकास शाखा संयोजक वा गाउँपालिका अध्यक्ष ।

आ) प्रमुख प्रशासकीय अधिकृत ।

इ) प्रशासन शाखा प्रमुख ।

ई) योजना शाखा ।

उ) लेखा शाखा प्रमुख ।

ऊ) पशु सेवा शाखाको प्रमुख ।

ऋ) कृषि सेवा शाखा प्रमुख ।

ए) अन्य कर्मचारि आमन्त्रित रहनेछन् आमन्त्रितमा बढिमा ३ जना रहनेछन्।

**पृष्ठ पोषणः-**

धार्चे  गाउँपालिका पशु सेवा शाखा गाउँकार्यपालिकाको कार्यालय माछिखोला, गोरखामा रहेको छ । यस शाखाले यस गाउँपालिकाको क्षेत्र अधिकारभित्र रहेका सम्पुर्ण पशु सम्वन्धित कार्यक्रमलाई कार्यान्वयन तथा नियमन गर्नेछ ।

**३.उद्देश्यहरु**

क) पशुपन्छि तथा मत्स्य जन्य वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्दि गरी कृषक परिवारलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने ।

ख) पशुपन्छि तथा मत्स्य क्षेत्रमा लगानि बढाई  व्यवसायित्ता र उद्यमशिलताको प्रवर्दन गर्ने ।

ग) साना कृषकहरुलाई समेत व्यवसायिक पशुपालनमा प्रोत्साहन गर्ने ।

घ)एकल महिला विपन्न  दलित जनजातीलाई समेत पशुपालन समान सहभागिता गर्ने ।

ङ) विदेशबाट फर्किएका युवाहरुलाई लक्षित कार्यक्रम गरी व्यवसायिकतामा जोड दिने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन कार्यविधि

**४. कार्यक्रम सञ्चालन प्रकृया**

यस कार्यविधि वमोजिम पशु सेवा शाखाबाट सञ्चालन हुन  कार्यक्रमहरुको  सञ्चालन प्रकृया देहाय वमोजिम हुनेछः

क) अनुदान कार्मक्रम सञ्चालन गर्नका लागि पशु सेवा शाखाले सार्वजनिक सुचना प्रकाशित गरी आवेदन माग गर्न सक्नेछ । उक्त सुचना गाउँपालिकाको वेवसाईट सुचना पाटि तथा शाखा कार्यालयका सुचना पाटि र वडा कार्यालयहरुको सुचना पाटिमा टाँस गर्नु पर्नेछ ।

ख) सुचना अनुसार आवेदन पेश गर्दा आवेदकले निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्दछ ।

क फर्म वा सस्थाले प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि  एक एक प्रति पेश गर्नु पर्नेछ ।

ग) सम्बन्धित वडाले वडामा कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग प्राप्त नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान सहयोग उपलब्ध भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफरिस पत्र पेश गर्नु पर्ने छ ।

घ) समुह वा सस्थाको हकमा कार्य कार्य समितिको बैठक अनुदान माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

ङ) आवेदकले आफुले सञ्चालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

च) फर्म वा व्यवसाय सञ्चालनमा रहेको जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि

छ) कार्यक्रम सञ्चालन हुने आर्थिक बर्षको सम्पति कर भुमिकर तिरेको रसिदको प्रतिलिपि ।

ज) व्यवसायको सक्षिप्त कार्ययोजना ।

झ) आवेदन सकलनः पेश भएका आवेदनहरु पशु सेवा शाखामा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद ३
## छनौट कार्यविधि

**५. छनोट प्रकृया**

१. रित पुर्वक पेश हुन आएका आवेदनहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनोट समितिले प्राथामिकिकरण गर्नेछ ।

२. छनौट समितिः- छनोट समिति देहाय वमोजिम हुनेछ ।

अ) आर्थिक विकास शाखा संयोजक वा गाउँपालिका अध्यक्ष ।

आ) प्रमुख प्रशासकीय अधिकृत ।

इ) प्रशासन शाखा प्रमुख ।

ई) योजना शाखा ।

उ) लेखा शाखा प्रमुख ।

ऊ) पशु सेवा शाखाको प्रमुख ।

ऋ) कृषि सेवा शाखा प्रमुख ।

ए) अन्य कर्मचारी आमन्त्रितमा रहने छन् आमन्त्रितमा बढिमा ३ जना सम्म रहनेछन् ।

६. **छनोटका आधारहरुः**- छनौटका आधारहरु अनुसुची १ वमोजिम हुनेछ ।

आयोजना छनोट गर्नु अगाडि देहाय आधारलाई ध्यान दिनु पर्नेछ।

१. कृषक समुहको लागि आयोजना छनौट गर्ने सम्बन्धमा पशु सम्बन्धिको सम्बन्धित निकायमा दर्ता कम्तिमा १ वर्षको अवधि पुरा गरेको वा समुह संन्चालन पदति एवम प्रक्रिया अनुसार सक्रिय रुपमा काम गरिरहेका समुह /सहकारी/फार्म को लागि मात्र आयोजना छनौट गर्नुपर्नेछ ।
२. जनसहभागिताको आधारमा स्थानीय स्रोत बढी परिचालन गर्ने सक्षम समुह उपभोक्ता समिति / फार्म/ सहकारी/ लाई केन्द्रित गरी कार्यक्रम संन्चालन गर्ने उदेश्य अनुरुप कुल लागतको समुह सहकारी को हकमा/१००प्रतिशत र व्यक्तिगत फार्मको हकमा १०० प्रतिशत अनुदान प्रदान गर्नु पर्नेछ ।
३. आयमुलक पशुपालन व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम संन्चालन भएका स्थलहरुमा सिंचाई सुविधा पुर्याउने दृष्टिकोणाले राख्नुपर्ने ।
४. छनौट भएको सुची प्रकाशित गर्नु पर्नेः पशु सेवा शाखामा प्राप्त आवेदनहरुको आधारमा छनौट समितिले छनौट गरेको सुचि प्रकाशन सम्बन्धित शाखाले गर्नेछ ।

## परिच्छेद ४
## भुक्तानि कार्यविधि

७. **भुक्तानि प्रकृया**

१. कार्य सञ्चालनको लागि पशु सेवा शाखाले निर्णय गरे बमोजिम रकम तोकिनेछ । अनुदान बाहेकको खर्च रकम आवेदक आफैले बेहोर्नु पर्नेछ ।
२. अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।
    - वडाको अन्तिम भुक्तानिको लागि सिफारिस पत्र
    - आवश्यक बिल भरपाई
    - अनुदान कार्यक्रम सञ्चालन भएको स्थलको फोटो
    - समुह वा सँस्थाको हकमा कार्य समितिको कार्य सम्पन्न भएको निर्णयको फोटोकपि
    - भुक्तानिको लागि निवेदन
    - सम्बन्धित शाखाको कार्य सम्पन्न प्रतिवेदन सहितको सिफारिस

## अनुसुची-१
## कार्यक्रम छनोटका मापदण्ड/आधारहरु

| क.स. | छनोटका आधारहरु | | | अक |
|---|---|---|---|---|
| १ | व्यवसायिकरण | सामुहिक -१० | | १० |
| | | व्यक्तिगत - ५ | | |
| २ | तालिम | ७ दिन भन्दा बढि -५ | | ५ |
| | | ७ दिन भन्दा कम -३ | | |
| ३ | व्यवसाय दर्ता | १ | ३ बर्ष भन्दा बढि -२० | २० |
| | | २ | २ बर्ष भन्दा बढि - १५ | |
| | | ३ | २ बर्ष भन्दा कम - १० | |
| | | ४ | अन्य - ५ | |
| ४ | **क** पशुपालनको अवस्था | १ | भेडा/बाखा ८० भन्दा बढि -२० | २० |
| | | २ | भेडा/बाखा ६० भन्दा बढि - १५ | |
| | | ३ | भेडा/बाखा ४० भन्दा कम - १० | |
| | **ख** | १ | कुखुरा लेयर्स ५०० भन्दा बढि २० | |
| | | २ | कुखुरा लेयर्स ३०० भन्दा बढि १५ | |
| | | ३ | कुखुरा लेयर्स ३०० भन्दा कम १० | |
| | **ग** | १ | माछा ३ भन्दा बढि पोखरी २० | |
| | | २ | माछा २ भन्दा बढि पोखरी १५ | |
| | | ३ | अन्य १० | |
| ५ | पुर्वाधारको लागि | खोर, घाँस, पानि आदिको अवस्था | | २० |
| ६ | लक्षित वर्ग | | दलित १५ | १५ |
| | | | जनजाति १२ | |

| | | | | |
|---|---|---|---|---|
| | | | अन्य १० | |
| ७ | अनुभव | | | १० |

**अनुसुची-२**

**समझौता पत्र**

धार्चे गाउँपालिका पशु सेवा शाखा को आ.व................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागी मिति ................... गते प्रकाशित सुचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस धार्चे गाउँपालिका छनोट समितिको मिति ................ को निर्णयबाट श्री...................... को प्रस्ताव छनोट भएको हुँदा ..................... यस अघि प्रथम पक्ष भनिने र श्री ..................यस पछि दोश्रो पक्ष भनि का बिच तपशिल बमोजिमका शर्तहरु पालाना गरि कार्यक्रम सञ्चालन गर्न मन्जुर भै यो द्धिपक्षिय समझैता गरिदियौ । इति सम्बत........ साल ...... महिना ........ गते......रोज शुंभम ।

**तपशिल**

१. .................. कार्यक्रम................ जिल्ला............. धार्चे गाउँपालिका.......... न वडाको गाउँ टोलमा मिति ............ सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले........................ कार्यक्रम सञ्चालनको लागी दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका क्रियाकलापहरुका लागी अनुदान उपलब्ध गराउने छ ।

| **क्र स** | **क्रियाकलाप विवरण** | **अनुमानित लागत रु** | **प्रथम पक्षले व्यहोर्ने रु** | **दोश्रो पक्षले व्यहोर्ने रु** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

३.प्रथम पक्षले अनुदान रकम मध्ये क्र स का निर्माण कार्यको लागत रु बाट ३ प्रतिशत कन्टिजेन्सि वापत र अन्य विल बमोजिमको नियमानुसारका कर कट्टा गरि बाँकि रकम दोश्रो पक्षको बैंक खातामा भुक्तानी दिनेछ ।

४. दोश्रो पक्षले स्विकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेन्ट अनुसारकाल सम्पुर्ण कार्यक्रमहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक निर्माण सम्बन्धि डिजाईन ईष्टिमेट सुपरभिजन रनिङ बिल अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण खरिद ढुवानि सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

६. दोश्रो पक्षले सुरुमा आफ्नो लगानिबाट सम्झौता अनुसारको कार्य सम्पन्न भएको कामको भौतिक निर्मणको हकमा प्राविधिकले तयार गरेको रनिङ बिल मेजरमेन्टबुक कार्य सम्पन्न प्रतिवेदन पशु सेवाका प्राविधिक विषयमा पशु सेवा केन्द्रले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियमानुसारका कोटेसन विल विजक दाखिला प्रतिवेदन एव फोटोग्राफ आदि कागजात सलग्न गरी सम्वन्धित वडा कार्यालय र सेवाकेन्दको सम्पन्न सिफरीस समेत अन्य आवश्यक कागजात सहित भुक्तानिका लागी पेश गरे पश्चात प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे बढिमा २ किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

७. प्रथम पक्षले कुनै पनि समयमा सचालित कार्यको अनुगमन निरिक्षण गरि सम्झौता मुताविक कार्य भए नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चात सञ्चालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनाको लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्म्वारी दोश्रो पक्षको हुनेछ ।

९. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१०. दोश्रो पक्षले नियमित रुपमा कम्तिमा चौमासिक अवधिको कार्यक्रमको प्रगति उपलब्धि तथा कारोवार सम्वन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा अत्यावश्यक हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमतिमा हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छूटेका विषयको हकमा कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्ताखतः | ठेगानाः |

| | |
|---|---|
| कार्यलयको छापः<br><br>कार्यलयः<br><br><br>रोहोवर प्रथम पक्षको तर्फबाट<br><br>नामः<br><br>पदः<br><br>दस्ताखतः<br><br>सम्पर्क नः | दस्ताखतः<br><br>समुहसहकारीको नामः /फार्म/<br><br>औठाको छापसंस्थाको छापः /<br><br>सम्पर्क नम्वरः<br><br>बैङको नाम ठेगानाः<br><br>खाताको किसिमः<br><br>सम्झौता मितिः<br><br>डिजिटल खाता नम्वरः<br><br>\| \| \| \| \| \| \| \| \| \| \| |

## अनुसुचि-३

**प्रस्ताव आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति.........................

धार्चे गाउँपालिकाका पशु सेवा शाखाको आ.व. २०८१/८२ को स्विकृत वार्षिक कार्यक्रम मुताविक देहायका कार्यक्रम पशु कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्ने ईच्छुक आवेदकहरुलाई यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ । साथै रीत नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने व्योहोरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ । थप जानकारीका लागी पशु सेवा शाखाको फोन न ............मा सम्पर्क राख्न सकिनेछ ।

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरुः-**

१. आवेदनको नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि

२. कार्यक्रम कार्यान्वयन प्रक्रियामा तोकए बमोजिमका अनुसुचिहरु

३. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि

४. लिजमा लिएको जग्गाको करारनामा वा सम्झौता पत्र

५. प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा सस्था  फर्म व्यवसाय दातृ तथा नविकरण र पान भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि

६. समुह समिति सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि

७. अघिल्लो आ व को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

८. लागत साझेदारी गर्ने प्रतिबद्धता स्व- घोषणा र सिफारीस पत्र

९. कार्यक्रमको प्रकति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्ने

## अनुसुचि-४ः- सिफारीस पत्र

श्री ..........

...............

बिषयः सिफारीस गरीएको बारे ।

उपरोक्त सम्बन्धमा धार्चे गाउँपालिकाको मिति...............को............मा प्रकाशित सुचना अनुसार धार्चे गाउँपालिका ..............वडा न.........गाउँ /टोल स्थायी ठेगाना भएको श्री..........ले लागत साझेदारीमा ................................ कार्यक्रम सञ्चालनका लागी सिफारीस पाउँ भनि यस कार्यलयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सहि रहेको र सोहि प्रकृतिको कार्यमा बिगत ३ बर्षे भित्र कुनै अनुदान लिएको देखिन नआएकोले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरीदिनु हुन सिफारीस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारीस गर्नेको

नामः

दस्तखतः-

मितिः

## अनुसुचि-५ :- आवेदन

श्री .............

..................

बिषय :............................. कार्यक्रमको लागी प्रस्ताव पेश गरीएको बारे ।

धार्चे गाउँपालिकाको पशु सेवा शाखाको मिति ...............को................. मा प्रकाशित सुचना मुताविक म निवेदक ................. ले लागत साझेदारीमा ...................................कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागी यो निवेदन पेश गरेको छु ।

निवेदक

दस्तखतः

मितिः

सम्पर्क न :

प्रस्तावकको नाम थरः
स्थायी ठेगानाः
प्रस्तावित कार्यक्रमको नामः
कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगानाः

**संलग्न कागजातहरुको सुचिः**

| **क्र.स.** | **संलग्न कागजातहरुको विवरण** | **संख्या** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

## अनुसुची-६ समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र

धार्चे गाउँपालिकाको पशु सेवा शाखाको मिति ............................................को प्रकाशित सूचना अनुसार धार्चे गाउँपालिका वडा न. .......................................................................................... गाउँ /टोलमा स्थायी ठेगाना भएको श्री................................................................................................. ले लागत साझेदारीमा कार्यक्रम सञ्चालनको लागी पेश गरेको व्यवसायिक योजना सँग मेल खाने कार्यका लागी विगत २ बर्ष भित्र सघिय सरकार वा प्रदेश सरकारको मातहतका मन्त्रालय निर्देशनालय विज्ञ केन्द्र बाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेमा कसुर ठहर गरी सम्झौता रद्ध लगायत नियमानुसारको सजाय भोग्न समेत तयार छु ।

निवेदक

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्ताखतः
नामः
मितिः
संस्थाको छापः

## अनुसुचि-७ स्थलगत प्रमाणिकरण मुल्याङकन फारम

**क) सामान्य जानकारी**

१. आवेदकको नामः
२. स्थायी ठेगानाः
३. प्रस्तावित कार्यक्रमको नामः
४. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः
५. स्थलगत प्रमाणिकरण मितिः
६. स्थलगत प्रमाणिकरणमा सलग्न पदाधिकारीहरुको विवरणः

| क्र.स. | पदाधिकारीहरुको नाम | पद | दस्ताखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**ख) आवेदनको मुल्याङकन**

| क्र स | मुल्याङ्कनका सुचकहरु | भार | प्राताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुनसक्ने सभावना छ/छैन | | |
| १.४ | बाढि पहिरोले क्षती नपुग्ने अवस्था छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो पानी बिजुलीको सुबिधा छ/छैन | | |

| | | | |
|---|---|---|---|
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | | |
| २ | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसग मेल खाने क्रियाकलापमा हाल सलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवश्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धि विषयको तालिम अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्था छ/छैन | | |
| ३.२ | साझेदारीका लागी बैंक मौज्दात वा सञ्चालित कारोवार बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय सस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणीय उपयुक्तक्ता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर नपुन्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | सस्था व्यक्तिको व्यवसायिक क्रियाशिलता छ/छैन | | |
| ५.२ | दर्ता नविकरण अडिट र करचुक्ता छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलिको राय | १० | |
| ६.१ | प्रस्तावमा उल्लेखित कुरा  र स्थलगत अवस्था बिच समानता छ/छैन | | |
| ६.२ | स्थलगत टोलिसँग आवेदनले गर्ने अन्तर्क्रियावाट आवेदनको साझेदारीको लागी तत्परता देखिन्छ/देखिदैन | | |
| जम्मा | | १०० | |

नोटः उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरानमा सकरात्मक अवस्था भेटिए ५ अंक र नकारात्मक अवस्था भेटिए ० अक प्रदान गर्दा कुल ४० अक प्राप्त गर्न सफल प्रस्तावहरुको मात्र प्राथामिकिकरण गरीने छ । कुल ४० भन्दा कम अक प्राप्त गरेका प्रस्तावहरु छनौटका लागी निर्देशन समितिमा पेश गरिने छैन ।

)ग( आवेदकसँग विद्यमान सँरचना  भवन सवारी साधन साना ठुला मेशिनरी र उपकरणहरुको विवरण

| **क स** | **विवरण** | **परिमाण** | **अवस्था** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

४.

ङ) स्थलगत प्रमाणिकरणका भेटिएका तथ्यहरुको आधारमा आवेदकसँग लागत साझेदारी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ हुदैन भनि राय पेश गर्ने ।

| **क.स.** | **स्थलगत प्रमाणिकरणगर्ने पदाधिकारीको नाम** | **हुन्छ/हुदैन** | **दस्तखत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**अनुसुचि-८     पस्ताव-पत्र**

१. आवेदक र सम्पर्क व्यक्तिको विवरण

| | | |
|---|---|---|
| आवेदकको नाम | | |
| ठेगाना | | |
| आवेदक संस्थाको किसिम कुनै ) (एकमा चिन्ह लगाउने | | १कृषक समूह .<br>२ सहकारी .<br>३ दर्तावाल फर्म .<br>४ कृषक . |
| प्रोपाइटर वा अध्यक्षको नाम | | |
| संस्था दर्ता भएको मिति | | |
| स्थाई लेखा नं. | | |
| संस्थाको मुख्य उद्देश्य | | |
| कार्यक्रम संचालन हुने स्थान | | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भएकुन संस्थाबाट , के उद्देस्यको लागि वित्तिय सहयोग खुलाउनुहोस ,प्राप्त गर्नु भएको | | |
| विगत २ वर्षमा अजिरकोट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | | |

२. हालको व्यवसायिक विवरण

| क,स, | व्यवसाय | क्षेत्रफल् वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**३. क्रियाकलापको विवरण**

| **क्र.स.** | **क्रियाकलापको विवरण** | **परिमाण** | **अनुमानित लागत** | | **कुल रकम** | **सम्पन्न गर्न लाग्ने अवधि** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | | **आफुले व्यहोर्ने** | **माग गरिएको** | | | |
| **पुँजीगत तर्फ** | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| **अन्य कार्यहरु** | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

**४. कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धिहरु**

**५. बजार योजना**

**६. नविनतम सोच र दिगोपना**

## अनुसुची -९ लागत साझेदारीको प्रतिबद्धता

धार्चेगाउँपालिका पशु सेवा शाखाको मिति .............................................. मा प्रकाशित सुचना अनुसार धार्चेगाउँपालिका.............................................वडा..............................................न.
टोल/गाउँ स्थायी ठेगाना भएको श्री ........................................... ले लागत साझेदारीमा कार्यक्रम सचालनको लागि पेश गरेको व्यवसायिक योजना अनुसार अनुमानित कुल लागत रु को प्रतिशतले हुन आउने अक्षरुपी रु बराबरको लगानि आफ्नो आन्तारिक स्रोतबाट ब्यहोर्ने प्रतिबद्धता जाहेर व्यक्त गर्दछु ।

निवेदक

| दायाँ | बाया |
|---|---|
| | |

दस्ताखतः

नामः

मितिः

संस्थाको छापः

## निशुल्क औषधी वितरण

**उद्धेश्य;**

- किसानलाई गाउँघरमै सेवा प्रदान गर्नु
- किसान सहायता गर्नु
- बिभिन्न रोगहरुको उपचार गर्नु
- परजीवि नियन्त्रण गर्नु

**कार्य विवरण:**

- पशु समस्या तथा आवश्यकता हेरि वितरण गरिने छ।

**मापदण्ड तथा आधारहरु:**

- कृषकको माग अनुसार
- पशुपन्छी तथा माछा सम्बन्धी समस्या आएमा
- आवश्यकता अनुसार औषधी वितरण गरिने छ।

**कार्यक्रम सञ्चालन प्रक्रिया;**

- सबै वडामा वितरण गरिने छ।
- स्विकृत बजेट सँख्याको आधारमा औषधी वितरण गरिने छ।

**आर्थिक विवरण;**

- निशुल्क पशु औषधी वितरणका लागि आवश्यक औषधी वितरण गरिने छ।
- जम्मा रकम रु.८,००,०००।— को वितरण गरिने छ।

**निष्कर्ष;**

यस कार्यक्रम बाट लाभान्वित किसानहरुलाई सामान्य आर्थिक स्थिति सुधार,नक्ष सुधार,आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण हुने र बन्ध्याकरण सेवा दिने अपेक्षा राखेका छौं।

**<u>रेबिज रोग नियन्त्रणका लागि कुकुर बन्ध्याकरण कार्यक्रमः-</u>**

यस धार्चे गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा घर पालुवा कुकूरहरुमा अनावश्यक रुपमा प्रजनन् भई कुकुरको सङ्ख्या वृद्धि भएर कुकूरमा रेविज रोग संक्रमण भई मानव समुदाय समेत जोखिममा हुने समस्यालाई कम गरि प्रजनन् नियन्त्रण गरि रोग नियन्त्रण गर्ने उद्देश्यले बिभिन्न सामुदायिक तथा घर पालुवा कुकूर लाई बन्ध्याकरण तथा खोप लागाईने छ।

**उद्देश्यहरुः**

- रोग नियन्त्रण गर्न कुकूरको प्रजनन् क्षमता नियन्त्रण गर्नु।
- सामुदायिक तथा घर पालुवा कुकूरलाई खोप लगाउनु।
- जन समुदायमा रेबिज रोगको जोखिम कम गर्नु।
- रोग बारे सचेता अभिवृद्धि गर्नु ।

**कार्य विबरणः**

- बन्ध्याकरण कार्यक्रमका लागि आवश्यक औषधि तथा अन्य सामाग्रि खरिद गर्ने।
- कार्यक्रम सञ्चालनका बारेमा सूचना प्रकाशन ।
- बन्ध्याकरण तथा खोप कार्य सञ्चालन हुने ।
- कार्यक्रमका लागग्राहि र कुकूरलाई निगरानि राखिनुपर्नेछ ।

**आधारहरुः**

- कम्तिमा २ रोपनी जग्गा हुनु पर्ने
- वडाको सिफारिस
- पशुपालन गर्दै आएको हुनु पर्ने
- ऋत पुर्बकआएको आबेदन
- नागरिकताको प्रतिलिपि
- किसानको हकमा निवेदन सहित नागरिकताको प्रतिलिपि हुन पर्ने
- फर्म/समुहको हकमा जग्गाको लालपुर्जा

**आर्थिक विबरणः**

- विनियोजित बजेट २ लाख ५० हजार भित्र रहि कार्यक्रम सम्पन्न गरिनेछ ।

**कार्य सञ्चालन प्रकृया**

क) बन्ध्याकरण कार्यक्रमका लागि आवश्यक औषधि तथा अन्य सामाग्रि खरिद गरिनेछ।

ख) कार्यक्रम सञ्चालनका बारेमा सार्वजनिक  सूचना प्रकाशन गरिनेछ ।

ग) बन्ध्याकरण तथा खोप कार्य सञ्चालन हुनेछ ।

घ) कार्यक्रमका लागग्राहि र कुकूरलाई निगरानि राखिनुपर्नेछ ।

**निष्कर्षः**

यस कार्यक्रमबाट पालिका बिभिन्न सामुदायिक तथा घरपालुवा कुकूरको प्रजनन् क्षमता नियन्त्रण गरि सङख्या वृद्धि कम र जनसमुदायमा रेबिज रोगको जोखिम कम गर्ने र नेपाल सरकारले लिएको जिरो बाई २०३० को लक्ष्य प्राप्तिमा टेवा पुग्ने अपेक्षा राखेका छौं।

**पशुहरुमा आन्तरिक तथा बाहय परजिवी नियन्त्रण कार्यक्रम :**

यस धार्चे गाउँपालिका भित्रका पशुपालक कृषकहरुको पशुहरुमा असर गरिरहने परजिवीको नियन्त्रणका लागि विभिन्न कार्यक्रम गरेर उक्त समस्या समाधान कार्यक्रम राखेका छौं।

**उदेश्यहरुः**

- पशुहरुलाई नाम्ले माटे लगायतका औषधि खुवाई निरोगी बनाउनु।
- पशु स्वास्थ्य समस्या सुधार गर्नु ।
- परजिवीजन्य रोगहरुलाइ नियन्त्रण गर्न।
- पशुजन्य उत्पादन वृद्धि गर्न।
- पशुको प्रजनन् क्षमता वृद्धि गर्न।

**कार्य बिवरणः**

- पशुहरुको परजिवी नियन्त्रकार्यक्रमका लागि आवश्यक औषधि तथा अन्य सामाग्रि खरिद गर्ने।
- कार्यक्रम सञ्चालनका लागि वडा वडामा सञ्चालन गरिनेछ।
- वडा वडामा अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- गोठ तथा खोरमा औषधि प्रयोग बारे तरिका प्रदशनि गर्ने।

**कार्यक्रम सञ्चालन प्रकृयाः-**

- वडामा सञ्चालन गरिनेछ ।
- कृषकको माग र पशुपालनको आधारमा औषधि र अन्य सामाग्रि वितरण गरिनेछ ।
- डिपिङ कार्य सम्भावित सम्पूर्ण वडामा सञ्चालन गरिनेछ।

**आर्थिक बिवरणः**

- विनियोजित जम्मा रकम रु. ५,००,०००।- को भित्र रहि कार्यक्रम सञचालन गरिनेछ ।

**निष्कर्षः**यस कार्यक्रम बाट लाभान्वित किसानहरुको पशुहरुमा परजिवीको संक्रमण कमि भई पशुहरुमा लाग्ने परजिविजन्य रोगहरुलाइ नियन्त्रण तथा रोकथाम गर्नु जस्ता अन्य विविध समस्याको समाधान गरी असल पशुपालन अभ्यास र पशु स्वास्थ्य सुधार लगायतका उपलब्धि हुने अपेक्षा राखेका छौं।

**मासुजन्य उत्पादनको आधारमा नगद अनुदान;**

**उद्धेश्यहरुः-**

- व्यवसायिक पशुपन्छी तथा माछापालनमा टेवा पुऱ्याउनु
- व्यवस्थित तथा कृषकहरुलाइ पशुपालनमा आकर्षण गराउन
- गुणस्तर मासु उत्पादन गराउन
- व्यवसायिक कृषकहरुलाइ नगद अनुदान गरी प्रोत्साहन गराउन

- अनुदान वितरण नीतिलाइ प्रक्रिया मुखियाबाट परिमाणमुखी तर्फ लैजाने

**कार्य विवरणः-**

- सुचना आह्वान गर्ने
- छनोट समितिबाट छनोट गर्ने
- छनौट भएका कृषक/फर्म/समुह लाई पशु सेवा शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यविधि २०८० अनुसार प्रदान गरिनेछ ।
- वितरीत विबरण सुरक्षित राखिनुपर्नेछ

**आधारहरुः-**

- कम्तिमा २० भन्दा माथि पशुपन्छी तथा माछापालन गरेको  हुनु पर्नेछ
- ऋत पुर्वक आएको निवेदन
- नागरिकताको प्रतिलिपि
- दर्ता गरिएको कृषक/फर्म/समुह/सहकारी हुनु पर्ने
- कर चुक्ता भएको हुनु पर्ने साथै नविकरण भएको हुन पर्ने
- किसानको हकमा निवेदन सहित नागरिकताको प्रतिलिपि हुन पर्ने
- फर्म/समुहको हकमा जग्गाको लालपुर्जा

**कार्य सञ्चालन प्रकृयाः-**

ङ) आवेदन पेश गर्नको लागि कम्तिमा ७ दिनको सार्वजनिक सुचना प्रकाशन गरिनेछ ।

च) आवेदकले अनुसुचि २ बमोजिम निवेदन र कागजाहरु पेश गर्नुपर्नेछ ।

छ) स्थलगत अनुगमन मुल्याङ्न तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनोट समितिले अनुदानग्राहि छनोट गर्नेछ ।

ज) छनोट भएका कृषक, कृषि फर्म, कृषि समुह र सहकारी सँग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

झ) तोकिएको समयभित्र सम्झौता गर्न नआएको खण्डमा प्राथामिकताको आधारमा अन्य कृषकलाई कार्यक्रम प्रदान गरिनेछ ।

ञ) मासु जन्य उत्पादनको आधारमा नगद अनुदान कार्यक्रमको लागि गाउँपालिकाको कार्यालयबाट १००% अनुदानको कार्यक्रम रहेको हुँदा सोहि अनुसार सञ्चालन गर्नु पर्नेछ ।

**निष्कर्षः-**

यस कार्यक्रम बाट सामान्य आर्थिक स्थिति सुधार तथा उत्पादनको आधारमा प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउनु साथै व्यवसायिक पशुपन्छी तथा माछापालनमा टेवा पुग्ने अपेक्षा राखेकाछौ ।

**<u>पशुपंक्षी तथा मत्स्य पालन बिमा</u>**

पशुपंक्षी तथा मत्स्य क्षेत्रमा हुने विभिन्न जोखिमलाई वहन गराउनका लागि र कृषकहरुलाई थप राहत तथा प्रोत्साहन उपलब्ध गराउने उद्धेश्यले यो कार्यक्रम गरिनेछ।

**उद्धेश्यहरुः-**

- बिमामा सम्पूर्ण कृषकहरुलाई समावेश तथा लाभाम्वित गर्ने तथा गराउनु।
- बिमा बारेमा जानधकारि प्रदान गर्नु।

- बिभिन्न जोखिम हरुमा कृषकलाई पुन:उत्थानको लागि पहल गर्ने आदि।

**कार्य विवरण:-**

- बिमामा कृषकलाई समावेश गर्न आवश्यक पहल कदमि तथा नियमानुसारका कार्यहरु गर्ने।

**आधारहरु:-**

- व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकलाई बिमामा समावेश गर्न तोकीएका एवम् प्रचलित कानुन ऐन, कार्यविधि, तथा निर्देशिका बमोजिमका आधार रहनेछन्।

**निष्कर्ष:-**

उक्त बजेट तथा कार्यक्रम सञ्चालन बाट पशुपंक्षी तथा मत्स्यपालक कृषकहरुलाई थप प्रोत्साहन तथा बिमामा सहभागि भई लाभ प्रदान हुने साथै भविष्यमा आई पर्ने समस्या समाधान तथा जोखिम वहनमा टेवा पुर्याउने अपेक्षा लिएका छौ ।

**<u>उत्पादन, विविधिकरण,प्रशोधन तथा बजारिकरण</u>**

धार्चे गाउँपालिकामा विभिन्न पशुपंक्षीहरु पालन गर्दै आईरहेका छन्।व्यवसायिक तथा आधुनिक रुपमा पशु पालन गर्नका लागि र धार्चेमा उत्पादित पशुपंक्षीजन्य पदार्थहरुको उत्पादन,विविधिकरण, प्रशोधन गरि उच्च मुल्यमा बिक्रि तथा वितरण गर्नका लागि साथै उत्पादित बस्तुहरुलाई बजारमा ब्रान्डिङ गर्नका लागि आवश्यक कार्यक्रम गरिनेछ।

**उद्देश्यहरु:**

- पशुपंक्षी तथा मत्स्य पालनबाट पशुपंक्षी तथा मत्स्यजन्य पदार्थ उत्पादनमा प्रोत्साहन गर्ने।
- उक्त पदार्थको मूल्य वृद्धि तथा भण्डारणका लागि आवश्यक कार्य गर्ने।
- उत्पादित वस्तुको उचित मुल्यमा बजार पहुँचको व्यवस्था गर्ने।

- **कार्य विबरण:**
  - उत्पादन, विविधिकरण,प्रशोधन तथा बजारिकरण सामाग्रि खरिद गर्ने।
  - कार्यक्रमका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने।
  - कृषक कृषक फर्म कृषक समुहलाई छनौट गर्ने।
  - खरिद गरेका सामाग्रि वितरण तथा आवश्यक अन्य कार्य गर्ने।

**आधारहरु:**

- व्यवसायिक रुपमा पशुपंक्षी पालन गरेको हुनुपर्ने।
- वडाको सिफारिस
- पशुपालन गर्दै आएको हुनु पर्ने
- ऋत पुर्बकआएको आबेदन
- नागरिकताको प्रतिलिपि
- किसानको हकमा निवेदन सहित नागरिकताको प्रतिलिपि हुन पर्ने
- फर्म/समुहको हकमा जग्गाको लालपुर्जा

**आर्थिक विबरण:**

- विनियोजित बजेट ३ लाख भित्र रहि कार्यक्रम सम्पन्न गरिनेछ ।

**कार्य सञ्चालन प्रकृया**

- उत्पादन, विविधिकरण,प्रशोधन तथा बजारिकरण सामाग्रि खरिद गरिनेछ।
- कार्यक्रमका लागि सार्वजनिक सूचना प्रकाशन गरिनेछ।
- कृषक कृषक फर्म कृषक समुहलाई छनौट गरिनेछ।
- खरिद गरेका सामाग्रि वितरण तथा आवश्यक अन्य कार्य गरिनेछ।

**निष्कर्षः**

यस कार्यक्रमबाट पालिका पशुपालन गर्दै आईरहेका कृषक, फर्म, कृषक समुह तथा सहकारि हरुले उत्पादन गरेका पदार्थहरुको विविधिकरण प्रशोधन गरि उच्च मूल्यमा उत्पादित पशु तथा मत्स्यजन्य पदार्थको ब्रान्डिङ गरि कृषकहरुलाई उचित मुल्यमा बजार पहुँचको व्यवस्था हुने अपेक्षा राखेका छौं।

**घाँसको नर्सीरि निर्माण**

धार्चे गाउँपालिकामा विभिन्न पशुपंक्षीहरु पालन गर्दै आईरहेका छन्।व्यवसायिक तथा आधुनिक रुपमा पशु पालन गरिरहेका कृषकहरुलाई पशु आहारा व्यवस्थापन गर्नका लागि पोषिलो विभिन्न घासेबालिहरुको आवश्यकता रहेकोले उक्त आवश्यकता पुर्ति गर्न लागि बाह्य नर्सीरि बाट घाँस खरिद गर्नु भन्दा आफ्नै नर्सीरि निर्माण गरि घाँस उत्पादन गर्नका लागि घाँसको नर्सीरि निर्माण गरिनेछ।

**उद्देश्यहरुः**

- घाँसको नर्सीरि निर्माण गर्ने।
- कृषकहरुले पोषिलो घाँसको विरुवा तथा वेर्ना गर्ने।
- पशु आहारामा सुधार आउने।

**कार्य विबरणः**

- घाँसको नर्सीरि निर्माण गर्ने।
- घाँसको नर्सीरि निर्माणका लागि आवश्यक कार्यहरु गर्ने/गराउने।
- नर्सीरि बाट घाँस उत्पादन गर्ने।
- उत्पादित घाँसलाई वितरण गर्ने।

**आधारहरुः**

- नर्सीरि निर्माणका लागि उपभोक्ता समिति गठन तथा कुनै निर्माण प्रा.लि आधिकारिक रुपमा दर्ता तथा सुचिकृत भएको हुनुपर्ने।
- व्यवसायिक रुपमा पशुपंक्षी पालन गरेको हुनुपर्ने।
- नागरिकताको प्रतिलिपि
- किसानको हकमा निवेदन सहित नागरिकताको प्रतिलिपि हुन पर्ने

**आर्थिक विबरणः**

- विनियोजित बजेट ३ लाख ५० भित्र रहि कार्यक्रम सम्पन्न गरिनेछ ।

**कार्य सञ्चालन प्रकृया**

- निर्माण गरिने जग्गाको लागि आवश्यक नियमानुसारको कार्य गरिनेछ।
- नर्सीरि निर्माणका लागि सार्वजनिक सूचना प्रकाशन गरि समिति वा ठेक्का बाट सम्पन्न गरिनेछ।
- बिउ खरिद गरिनेछ।
- वितरणका कृषक कृषक फर्म कृषक समुहलाई छनौट गरिनेछ।

**निष्कर्ष:**

यस कार्यक्रमबाट पालिका पशुपालन गर्दै आईरहेका कृषक, फर्म, कृषक समुह तथा सहकारि हरुलाई आवश्यक पर्ने घाँसको बिऊ वेर्ना उत्पादन गरि वितरण गर्न नर्सीरि निर्माण गर्ने अपेक्षा राखेका छौं।

**<u>नोटः-</u>**

माथि उल्लेखित कार्यविधिमा पशुसेवा शाखाले कार्यक्रम सञ्चालन गर्दा कुनै बुँदा बाझिन गएमा नेपाल सरकार कृषि तथा पशुपन्छि विकास मन्त्रालयवाट कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नम्स र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रले अवलम्वन गरेको कार्यविधि र अन्य नेपाल सरकार कृषि तथा पशुपन्छि विकास मन्त्रालयले प्रकाशन गरेका प्रचलित कार्यविधिलाई आधारमानि कार्य गरिनेछ । काम गर्ने क्रममा आवश्यकता अनुसार कार्यविधि थपघट गरिनेछ ।

आज्ञाले<br>
काजीमान सुनार<br>
प्रमुख प्रशासकिय अधिकृत